# गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको
## सूचना

गाउँ तथा नगर पञ्चायतका सदस्यहरूको आचार संहिता, २०३३

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति नियमावली, २०३२ को नियम १३ ले दिएको अधिकार प्रयोग गरी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले गाउँ तथा नगर पञ्चायतका सदस्यहरूको लागि देहायबमोजिमको आचार संहिता प्रकाशित गरेको छ–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस संहिताको नाम "गाउँ तथा नगर पञ्चायतका सदस्यहरूको आचार संहिता, २०३३" रहेको छ।

(२) यो संहिता तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– "सदस्य" भन्नाले गाउँ तथा नगर पञ्चायतका सदस्यलाई सम्झनुपर्छ र यो शब्दले प्रधानपञ्च तथा उप-प्रधानपञ्च समेतलाई जनाउँछ।

३. संहिताको पालनः– (१) प्रत्येक सदस्यले यो संहितामा लेखिएको कुराको पालन गर्नुपर्नेछ।

(२) कुनै सदस्यले यो संहितामा लेखिएका कुनै कुराको प्रतिकूल आचरण गरेमा निजले आफ्नो पद अनुसारको आचरण नगरेको मानिनेछ।

४. उच्च आदर्श कायम राख्नु पर्नेः– सदस्यले सच्चाई र ईमान्दारीको उच्च आदर्शलाई अँगाली आफ्नो ओहदाको मर्यादा सुहाउँदो आचरण गर्नुपर्छ।

५. राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता आदिको प्रतिकूल काम गर्न नहुनेः– सदस्यले राष्ट्रिय स्वतन्त्रता, एकता, सार्वभौमसत्ता तथा अधिराज्यको अखण्डताप्रति आँच आउने कुनै किसिमको काम गर्न हुँदैन र मुलुकलाई खण्डित गर्ने उद्देश्यले जनताको बीच फूट पैदा गर्ने कुनै पनि व्यक्तिको कोशिशलाई तत्परतासाथ विरोध गर्नुपर्छ।

६. राजसंस्थाप्रति अनास्था पैदा गर्न नहुनेः– सदस्यले राजसंस्थाप्रति अनास्था पैदा हुने कुनै काम कुरा गर्न हुँदैन र राजभक्ति, देशभक्ति तथा राष्ट्रिय भावनामा आँच आउने काममा जनतालाई प्रोत्साहन गर्न समेत हुँदैन।

७. निर्दलीयतालाई विकसित र सुदृढ पार्नु पर्नेः– सदस्यले दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको बोध जनतालाई गराई निर्दलीय भावनालाई विकसित र सुदृढ पार्नुपर्छ र निर्दलीयताको विरूद्ध कुनै काम गर्नुहुँदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. पञ्चायत प्रणालीको सिद्धान्तको विपरीत काम गर्न नहुने:– सदस्यले पञ्चायत प्रणालीको सिद्धान्तको विपरीत हुने कुनै काम गर्नु हुँदैन र सो प्रणालीप्रति कुनै किसिमको भ्रम फैलाउन समेत हुँदैन ।

९. पञ्चायतको कुनै निकायको प्रतिष्ठामा धक्का पुग्ने काम गर्न नहुने – सदस्यले गाउँ वा नगर पञ्चायतको सदस्यको हैसियतले आफूले गर्नु पर्ने काम जिम्मेदारीपूर्वक गर्नु पर्नेछ र पञ्चायतको कुनै निकायको प्रतिष्ठामा धक्का पुग्नसक्ने कुनै काम कुरा गर्नु हुँदैन ।

१०. राष्ट्रको स्वार्थलाई सर्वोपरि राख्नु पर्ने:– सदस्यले जाति, धर्म, वर्ण, समुदाय वा क्षेत्रको संकुचित स्वार्थभन्दा राष्ट्रको स्वार्थलाई सर्वोपरि राख्नुपर्छ ।

११. आर्थिक वा कुनै सहायता प्राप्त गर्न नहुने:– सदस्यले कुनै कुराको समर्थन वा विरोध गर्छु भनी वा त्यस्तो समर्थन वा विरोध गरे बापत आर्थिक वा अन्य कुनै प्रकारको लाभ वा सहायता कसैसंग माग गर्न हुँदैन र त्यस्तो लाभ वा सहायता प्राप्त गर्न समेत हुँदैन ।

१२. व्यक्तिगत स्वार्थको निमित्त वादविवाद उठाउन नहुने:– सदस्यले सार्वजनिक हितसित सम्बद्ध नभएको विषयलाई आफ्नो व्यक्तिगत वा संकुचित स्वार्थ पूर्तिको निमित्त सार्वजनिक विषयको रूपमा खडा गरी अनावश्यक वादविवाद उठाउन हुँदैन ।

१३. अनुचित प्रभाव पार्न नहुने:– सदस्यले न्याय प्रशासनमा कुनै तवरले अनुचित प्रभाव पार्न वा आफ्नो संकुचित स्वार्थ पूरा गर्ने उद्देश्यले श्री ५ को सरकारको दैनिक प्रशासनमा खलल गर्नुहुँदैन ।

१४. विदेशी प्रभावबाट मुक्त रहनु पर्ने:– सदस्यले आफ्नो काम-कर्तव्यको पालना गर्दा विदेशी प्रभावबाट प्रेरित हुनुहुँदैन ।

१५. सार्वजनिक रकम हीनामिना गर्न नहुन:– सदस्यले कुनै अवस्थामा पनि आफ्नो गाउँ वा नगरको विकासका लागि श्री ५ को सरकारका तर्फबाट दिइने रकम, चन्दा संकलनबाट जम्मा गरिएको रकम वा आफ्नो जिम्मामा रहेका अन्य सार्वजनिक रकम हीनामिना गर्न वा निजी कामको लागि उपयोग गर्नुहुँदैन

१६. नियुक्ति, बर्खासीको लागि भनसुन गर्न नहुने:– सदस्यले व्यक्तिगत स्वार्थले प्रेरित भई वा कसैको अनुचित प्रभावमा परी कुनै व्यक्तिलाई सरकारी वा सार्वजनिक सेवामा नियुक्ति, सरूवा, बढुवा वा बर्खास्तबारे भनसुन गर्नुहुँदैन ।

१७. सार्वजनिक सम्पत्तिको दुरूपयोग गर्न नहुने:– सदस्यले सार्वजनिक सम्पत्तिको नोक्सानी वा दुरूपयोग गर्नुहुँदैन ।

१८ अनुचित लाभ उठाउन नहुने:– सदस्यले आफ्नो पदको प्रभाव देखाई अनुचित लाभ उठाउने काम गर्नुहुँदैन ।

८८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. पञ्चायती व्यवस्थाको प्रतिकूल भएमा विरोध गर्नु पर्नेः– सदस्यले आफू उपस्थित भएको ठाउँमा पञ्चायती व्यवस्थाको प्रतिकूल हुने काम कुरा भएमा त्यसको तुरून्त विरोध वा बहिष्कार गर्नुपर्छ ।

२०. गुटबन्दी गर्न नहुनेः– सदस्यले पञ्चकार्यकर्ताहरूको बीच कुनै किसिमको गुटबन्दी गर्न हुँदैन ।

२१. पञ्चायत र वर्गीय संगठनहरूका बीच सामञ्जस्यको प्रतिकूल काम गर्न नहुनेः– सदस्यले पञ्चायत तथा वर्गीय संगठनहरूका बीच सामञ्जस्यको विपरीत हुने कुनै काम कुरा गर्नु हुँदैन ।

२२. विकासको कामहरूमा बाधा पुऱ्याउन नहुनेः– सदस्यले देश विकासका कामहरूमा हरसंभव उपायले सहयोग गर्नुपर्छ र श्री ५ को सरकारबाट वा स्थानीय जनसहयोगबाट सञ्चालन गरिने कुनै पनि विकाससम्बन्धी काम वा योजनाहरूको विरोध गर्ने वा बाधा पुऱ्याउने कुनै पनि काम कुरा गर्न हुँदैन ।

२३. पञ्चकार्यकर्ताहरूप्रति सहयोगी हुनुपर्नेः– सदस्यले आफ्नो गाउँ वा नगरको प्रत्येक तहका पञ्चकार्यकर्ताहरूप्रति सहयोगीको रूपमा व्यवहार गर्नुपर्छ र प्रत्येक तहका पञ्च कार्यकर्ता-हरूलाई एक अर्काको सहयोगीको रूपमा रहन र सो अनुसारको आचरण गर्न प्रेरित गर्नुपर्छ ।

२४. समस्याहरूको बोध गराउनु पर्नेः सदस्यले आफू निर्वाचित भई आएको वडाको समस्याहरू तथा सो क्षेत्र वा वडाका जनतालाई परेको वास्तविक पीरमर्काहरू गाउँ पञ्चायत ऐन वा नगर पञ्चायत ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम गाउँ पञ्चायत वा नगर पञ्चायतमा पुऱ्याई दिनुपर्छ र गाउँ पञ्चायत वा नगर पञ्चायतमा व्यक्त गरिएका नीति तथा कार्यक्रमहरू आफ्नो क्षेत्र वा वडाका जनतालाई सहीरूपमा बोध गराउनुपर्छ ।

२५. श्री ५ को सरकारको नीतिबारे भ्रम फैलाउन नहुनेः– सदस्यले गाउँ पञ्चायत, गाउँ सभा, नगर पञ्चायत, नगर सभा र पञ्चायतका अन्य निकायहरूमा र पञ्च भेला जस्ता निर्दिष्ट स्थानहरूमा सम्वद्ध विषय र प्रसंगमा आलोचना हुँदा बाहेक अन्य स्थानहरूमा श्री ५ को सरकारको नीति वा कार्यक्रमहरूको आलोचना वा निन्दा गरी जनसाधारण-मा कुनै हालतमा पनि भ्रम फैलाउन हुँदैन ।

२६. गाउँफर्क राष्ट्रिय अभियानप्रति मर्यादाः– (१) सदस्यले गाउँफर्क राष्ट्रिय अभियानप्रति पूर्ण आस्था राख्नुपर्छ र गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति, अञ्चल समिति, जिल्ला समिति, गाउँ समिति तथा नगर समितिको निर्देशनलाई पालन गर्नुपर्छ ।

८८6

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सदस्यले गाउँफर्क राष्ट्रिय अभियानको कार्यक्रम अन्तर्गत अनिवार्यरूपले गर्नु पर्ने भनी तोकेको काम गर्नु पर्नेछ।

(३) सदस्यले गाउँफर्क राष्ट्रिय अभियानको आवश्यकता र महत्व सर्वसाधारण जनतालाई बोध गराई तदनुरूप आचरण गर्न प्रोत्साहन गर्नुपर्छ ।

२७. संहितामा निषेध गरिएको काम अरूबाट गराउन नहुने:– यस संहितामा सदस्यले गर्न नहुने भनी निषेध गरिएको कुनै काम कुरा गर्ने उद्योग गर्ने, अरूबाट गराउने वा सो गर्न अरूलाई दुरुत्साहन दिन समेत हुँदैन ।

आज्ञाले–
डा. मोहम्मद मोहसिन
सदस्य–सचिव
गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति

८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।